भाग ३

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालयको

सूचना

दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४६

दाना पदार्थ नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दाना पदार्थ ऐन, २०३३ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "दाना पदार्थ (दोस्रो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **दाना पदार्थ नियमावली, २०४१ को नियम २ मा संशोधन** : दाना पदार्थ नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "अनुसन्धानशाला" भन्नाले विभाग अन्तर्गतको पशु आहारा सम्बन्धी कार्य गर्ने प्रयोगशाला सम्झनुपर्छ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनुपर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) अनुसन्धानशालाको प्रमुखले सार्वजनिक विश्लेषकको रूपमा काम गर्नेछ र निजको अनुपस्थितिमा एनिमल साइन्स विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरू मध्येबाट मन्त्रालयले तोकेको अधिकृतले सार्वजनिक विश्लेषकको रूपमा काम गर्नेछ।"

४. **मूल नियमावलीको नियम ६ मा संशोधन** : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :-

"६. **दाना निरीक्षकको योग्यता** : दाना निरीक्षकको पदमा नियुक्त हुन कम्तीमा बी.भि.एस्सी एण्ड ए.एच्. वा सो सरह उत्तीर्ण गरी पशु चिकित्सा परिषद्मा दर्ता भएको वा बी. एस्सी. एनिमल साइन्स वा बी.टेक.एड (लाईभस्टक) वा बी.एस्.सी फिसरिज वा सो सरह उत्तीर्ण गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्मा दर्ता भएको हुनु पर्नेछ।"

५. **मूल नियमावलीको नियम १५ मा संशोधन** : मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :-

"१५. **दाना स्तर निर्धारण समितिको गठन** : (१) ऐन तथा यस नियमावलीमा उल्लेख भए बमोजिमका काम गर्नको लागि देहाय बमोजिमको एक दाना स्तर निर्धारण समिति गठन गरिएको छ :-

(क) महानिर्देशक, विभाग -अध्यक्ष

(ख) प्रमुख, राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अधिकृतस्तरको प्रतिनिधि (सम्बन्धित शाखा हेर्ने), कृषि, वन तथा पर्यावरण मन्त्रालय -सदस्य

(घ) पशु आहार विज्ञहरूमध्येबाट कृषि, वन तथा पर्यावरण मन्त्रालयले मनोनयन गरेको एकजना विज्ञ -सदस्य

(ङ) प्रमुख, अनुसन्धानशाला -सदस्य-सचिव

(२) उपनियम (१) बमोजिमको दाना स्तर निर्धारण समितिको कार्यालय अनुसन्धानशालामा रहनेछ।

(३) उपनियम (१) बमोजिमको दाना स्तर निर्धारण समितिका सदस्यहरूले सो समितिको बैठकमा भाग लिए बापत नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्डबमोजिम बैठक भत्ता पाउनेछन्।

(४) उपनियम (१) बमोजिमको दाना स्तर निर्धारण समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।"

६. **मूल नियमावलीको नियम १७ मा संशोधन** : मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेका "पाँच रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "पाँच सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल नियमावलीको नियम १८ मा संशोधन** : मूल नियमावलीको नियम १८ को,-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१), (२) र (३) मा रहेका "केन्द्रीय खाद्य अनुसन्धानशाला" भन्ने शब्दहरूको सट्टा "विभाग" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ:-

"(४) दाना उद्योग स्थापना गरिसकेपछि दाना पदार्थको बिक्रीका लागि उत्पादन कार्य शुरू गर्नुभन्दा अघि उत्पादित दाना पदार्थको अनुसन्धानशालाले गरेको परीक्षण प्रतिवेदनसहित दुई हजार रूपैयाँ दस्तुर तिरी विभागवाट अनुसूची-८ बमोजिमको अनुज्ञापत्र लिनु पर्नेछ।"

(३) उपनियम (५) झिकिएको छ।

(४) उपनियम (६) मा रहेका "उपनियम (४) र (५)" भन्ने शब्दहरूको सट्टा "उपनियम (४)" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमावलीको नियम १९ मा संशोधन** : मूल नियमावलीको नियम १९ मा रहेका "उपनियम (४) र (५) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपनियम (४) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल नियमावलीको नियम २१ मा संशोधन** : मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छ:-

"२१. **अनुज्ञापत्र बहाल रहने अवधि र नवीकरण** : (१) यस परिच्छेदबमोजिम प्राप्त गरेको अनुज्ञापत्र दुई वर्षको लागि बहाल रहनेछ।

(२) उपनियम (१) बमोजिम अनुज्ञापत्र बहाल रहने अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र नवीकरणको लागि दरखास्त दिई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुज्ञापत्र दिने अधिकारीबाट अनुज्ञापत्रको नवीकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम नवीकरणको लागि दरखास्त दिँदा दुई हजार रूपैयाँ नवीकरण दस्तुर बुझाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको अवधि नाघेपछि अनुज्ञापत्र प्राप्त व्यक्तिले नवीकरणको लागि देहायको अवधिभित्र दरखास्त दिन आएमा अनुज्ञापत्र दिने अधिकारीले उपनियम (३) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ :-

(क) उपनियम (२) बमोजिमको अवधि नाघेपछिको तीन महिनासम्मको लागि पाँचसय रूपैयाँ,

(ख) खण्ड (क) बमोजिमको अवधि नाघेपछि एकवर्षसम्मको लागि एकहजार रूपैयाँ।

(५) उपनियम (४) को खण्ड (ख) बमोजिमको अवधिसम्म पनि यस परिच्छेदबमोजिम प्राप्त गरेको अनुज्ञापत्र नवीकरण नगराएमा त्यस्तो अवधि नाघेपछि त्यस्तो अनुज्ञापत्र स्वतः खारेज हुनेछ।"

१०. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u> : मूल नियमावलीको,-

(१) अनुसूची-१ को द्रष्टव्यको बुँदा नं. (३) मा रहेका "केन्द्रीय खाद्य अनुसन्धानशालाको" भन्ने शब्दहरूको सट्टा "विभागको" भन्ने शब्द राखिएको छ।

(२) अनुसूची-७ मा रहेका "नगर वा गा.वि.स.को नाम" र "अञ्चल" भन्ने शब्दहरूको सट्टा क्रमशः "स्थानीय तहको नाम" र "प्रदेश" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अनुसूची-८ मा रहेका "र (५) तथा नियम २१" भन्ने शब्दहरू झिकी सोही अनुसूचीमा रहेका "केन्द्रीय खाद्य अनुसन्धानशालाको" भन्ने शब्दहरूको सट्टा "विभागको" भन्ने शब्द राखिएको छ।

११. **रूपान्तरण** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएको छ :-

(क) "दाना जाँचकी" भन्ने शब्दहरूको सट्टा "दाना निरीक्षक"

(ख) "केन्द्रीय खाद्य अनुसन्धानशाला" भन्ने शब्दहरूको सट्टा "अनुसन्धानशाला"

(ग) "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका वा नगरपालिका"

आज्ञाले,

डा. राजेन्द्र प्रसाद मिश्र

नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।